# आदिवासी जनजाति आयोग
## पुल्चोक, ललितपुर

पत्र संख्या ०७७।०७८
च.नं.

### प्रेस विज्ञप्ति

२४ जेष्ठ २०७८

सुर्खेतको गुर्भाकोट नगरपालिका ९ का युवाहरुले आदिवासी जनजाति समूदाय (राउटे) का दुई जना युवतीहरुलाई प्रलोभनमा पारी मदिरा सेवन गराई यौन दुर्व्यवहार गरेको भनी विभिन्न माध्यमवाट आयोगलाई प्राप्त समाचारप्रति आदिवासी जनजाति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

स्थानीय तीनजना युवाहरुले निज युवतीहरुलाई प्रलोभनमा पारी होटलमा लगेर यौनजन्य कार्य गर्न बाध्य बनाएको, उक्त घटनाका कारण निज युवतीहरुलाई आफ्नो समुदायले अस्वीकार गर्ने सम्भावना देखिएको र उनीहरुको ज्यान नै जोखिममा पर्न सक्ने हुँदा निजहरुको गोपनियताको अधिकारको संरक्षण गर्दै उनीहरुको सुरक्षा गरी वाच्न पाउने अधिकारको संरक्षण गर्न र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

(राजेन्द्र प्रसाद घिमिरे)
सचिव

टेलिफोन नं : ९७७-१-५५२४७८८, ५५२४४२४
बेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com

Scanned with CamScanner